लिच्छविकाल नेपालको स्वर्णयुग हो त ?

प्रा.डा. तीर्थप्रसाद मिश्र

आफ्नो सार्वजनिक भाषणमा लिच्छवि कालपश्चात् हालसालै नेपालका एकजना चर्चित नेताले नेपालमा ओलीकाल स्वर्णकाल भएको ठोकुवा गरे । ओलीकाल स्वर्णकाल हो कि होइन भन्ने कुरा त भविष्यले नै बताउला तर के लिच्छविकाल नेपालको स्वर्णयुग हो त ? यस विषयमा विमर्श आवश्यक छ । यस विषयमा विमर्शका लागि ती नेता महोदयको उद्घोषले मलाई मार्गप्रशस्त गऱ्यो । हुन त आजकल नेताको बोली र व्यवहारमा तालमेल छैन । केबल बोल्नका लागि मात्र बोलेको अथवा कुनै खास स्वार्थप्राप्तिका लागि भाषणबाजी गरेको भन्ने टीकाटिप्पणी नेतागणबाटै हुनेगरेको छ ।

तसर्थ नेताको भाषणकै आधारमा यस्ता विषयलाई महत्त्व नदिँदा पनि हुने हो, साँच्चै भन्ने हो भने महत्त्व दिएको पनि होइन । केही नेपाली इतिहासका पुस्तकमा पनि लिच्छविकाललाई स्वर्णयुग भन्ने उल्लेख गरेको भेटिँदा केही गन्थन गरौँ गरौँ लाग्यो । स्वर्णयुग निरूपणका विषय विमर्शयोग्य रहेकाले आत्मसन्तुष्टिका लागि तत्सम्बन्धी धारणा राख्नु उपयुक्त ठानेको हुँ ।

इतिहास तथ्यहरूको सूचीमात्र नभई मानव जीवनका सबै पक्षको वस्तुनिष्ठ अध्ययन गर्ने सामाजिक विज्ञानको मूल स्रोत पनि हो । यथार्थमा इतिहास भनेकै बितेको समयमा घटेका महवपूर्ण घटनाहरूको प्रमाणको आधारमा गरिने विश्लेषणात्मक अध्ययन हो । तर, धेरै कालसम्म पनि शासकहरूको गुणानुवर्णन लडाईँभिडाइँ र शासकका जीवनी जस्ता कुरालाई नै इतिहास भन्ने गरियो । शिरपोस, उपहार, बकस, बिर्ता, मानसम्मान तथा पदक, प्रतिष्ठा आदि पाउने प्रयोजनका लागि दरबारिया भाटहरूले लेखेका कविता, काव्य, कथा कहानी तथा जीवनीलाई नै इतिहास मान्ने गरियो । यस्ता कृतिहरू इतिहासका स्रोत हुन सक्लान् तर इतिहास भने होइनन् ।

नेपाली जनमानसमा पनि वंशावली, कथा, गाथा तथा जनश्रुतिमा आधारित शासकको वर्णन नै इतिहास हो कि भन्ने भान परेको पनि यदाकदा पाइन्छ । वंशावली अभिलेख तथा विदेशीहरूको वर्णनलाई मात्र प्रमुख आधार मानेर तयार पारिएको इतिहास वस्तुनिष्ठ हुँदैन । लिच्छविकालीन इतिहास मूलत: अभिलेखमा आधारित छ । अत: सोही आधारमा मात्र कुनै पनि विषयमा ठोकुवा गर्न सकिँदैन । यसै पृष्ठभूमिमा नेपालको लिच्छविकाल स्वर्णयुग थियो त भन्ने विषयमा केही चर्चा परिचर्चा गर्नु सान्दर्भिक नै हुनेछ ।

विश्वको इतिहास अध्ययन गर्दा कतै पनि कुनै देशको कुनै कालखण्डलाई यो स्वर्णयुग हो भनिएको पाइँदैन । हिन्दुस्तानमा कसैले गुप्तकाललाई स्वर्णयुग भनेकामा त्यस तथ्यको पनि खण्डन भइसकेको छ । यसर्थ इतिहासमा कतै कुनै समयलाई स्वर्णयुग भनिँदैन, यो यथार्थ हो । नेपालको इतिहासमा लिच्छविकालपूर्वको ऐतिहासिक अध्ययन गर्न स्रोतको अभाव छ । नेपालमा किरात वंशपछि लिच्छवि वंशको शासन सुरु भयो । यसको समय इस्वी सम्वत् को प्रारम्भदेखि आठौं वा नवौं शताब्दीसम्म पुग्छ । (जगदीशचन्द्र रेग्मी, लिच्छवि संस्कृति, काठमाडौं, २०२६ पृ १०) ।

लिच्छविकालको इतिहास अध्ययन गर्ने प्रमुख स्रोत अभिलेख नै हो । प्राप्त अभिलेखहरूमा पनि शासकहरूद्वारा स्थापित अभिलेखहरूकै बाहुल्यता रहेको छ । यसका अतिरिक्त दरबारिया भारदार तथा अन्य सामन्त र हुनेखाने व्यक्तिहरूबाट पनि केही छिटफुट अभिलेखहरू राखिएको पाइन्छ । सर्वसाधारण जनतामा कीर्ति राखी अभिलेख राख्न सक्ने हैसियत हिजो पनि थिएन र आज पनि छैन । तत्कालीन अभिलेख पनि एक किसिमले अहिले लेखिएका आत्मवृत्तान्त जस्तै हुन् । जसमा सम्बन्धितका स्वप्रशंसा भरिएका छन् । हिजोआज त शासकका विरुद्धमा बोल्न तथा लेख्न डराउने परिस्थिति छ भने त्यसबेला जनसाधारणले शासकका विरुद्धमा अर्थात् शासकका कमजोर पक्ष उल्लेख गरी शिलालेख राख्ने सम्भावना शून्यप्राय: नै हुने भयो ।

अत: तत्कालीन अभिलेखले प्रवाह गरेका सूचनाको अध्ययनबाट समाजको समग्र पक्षको मूल्यांकन हुन सक्दैन । शासक र भारदारहरूका अभिलेखबाट सर्वसाधारण जनताको जनजीवनको मूल्यांन हुनै सक्दैन । अर्को शब्दमा भन्ने हो भने जनताको इतिहास जान्न र बुझ्न तत्कालीन अभिलेख पर्याप्त छैनन् । लिच्छविकालका अभिलेखकै सूचनाका आधारमा केहिले उक्त अवधिलाई स्वर्णयुग भन्ने गरेका छन् ।

लिच्छविकाल त्यसमा पनि अंशुवर्माको राज्यकाललाई स्वर्णयुग भनेर व्याख्या गर्ने पहिलो इतिहासकार बालचन्द्र शर्मा (नेपालको ऐतिहासिक रूपरेखा, २००८ पृ ८७-९९) को अनुसरण गर्दै कुनै कुनै इतिहासकारले त लिच्छविकाल पनि अंशुवर्माकालीन समयलाई नै स्वर्णयुग भनेर ठोकुवा नै गरेका छन् (शंकरलाल जोशी, नेपाल अन्डर अंशुवर्मा गोल्डेन पिरियड, १९९२) । लिच्छविकालमा स्वर्णयुग खासगरी नरेन्द्रदेवको पालादेखि प्रारम्भ भएको भनाइ जगदीशचन्द्र रेग्मी (लिच्छवि संस्कृति, २०२६ पृ ४७१) को छ । नेपालको स्वर्णयुग अंशुवर्मा काल थियो भन्ने पीताम्बरलाल यादव (नेपालको राजनीतिक इतिहास, २०४५ पृ १२-१३) को कथन छ ।

त्यसैगरी लिच्छविकाललाई स्वर्णयुग ठहर गर्नेहरूमा प्रा.डा. पेशल दाहाल (नेपालको इतिहास र संस्कृति, २०५५ पृ २२), पुष्पराज चालिसे (नेपालको पुरानो इतिहास र सभ्यता, २०४८ पृ ४६), डा. दिलबहादुर क्षेत्री (प्राचीन तथा पूर्वमध्यकालीन नेपाल, २०६३ पृ १७२) तथा डा. देवीप्रसाद शर्मा (आधुनिक नेपालको इतिहास, २०४८ पृ २०) जस्ता इतिहासकै प्राध्यापकहरू पनि छन् । लिच्छविकाललाई स्वर्णयुग किन भनेको ? अभिलेखकै भनाइलाई सार्वभौम मान्न सकिन्छ कि सकिँदैन ?

इतिहासका स्थापित मान्यतामा अभिलेखद्वारा प्रवाह भएका सूचना कुन हदसम्म स्वीकार्य हुन्छ ? अभिलेखमा उल्लेख भएका पक्ष अन्य स्रोतबाट परीक्षण गर्न आवश्यक हुन्छ वा हुँदैन ? जस्ता प्रश्नतर्फ ध्यानै नदिई स्वर्णयुग भन्ने उद्घोष गर्नु इतिहासको मर्मलाई आत्मसात नगर्नु हो । लिच्छविकालकै अभिलेख अध्ययन गर्दा पनि उक्त समयका केही खट्किने कुराहरू पनि देखिन्छन् । तीमध्ये केही उदाहरण यहाँ प्रस्तुत गरिएको छ :

लिच्छविकालमा बहुपत्नी प्रथा कायम थियो । तत्कालीन शासकहरूले नै बहुविवाह गरेको प्रमाण भेटिएको छ । राजा मानदेवका तीनवटी रानीहरू थिए । यथा राजा तथा प्रजा अवश्य पनि लागू थियो । यी दृष्टान्तबाट अन्य सामन्त तथा भाइभारदारहरूले पनि बहुपत्नी विवाह गरेको सहजै अनुमान गर्न सकिन्छ । त्यसबेलाको समाजमा विधवा विवाह र बहुपति विवाह चाहिँ बर्जित थियो । विधवाले विवाह गरेमा र महिलाले पुनर्विवाह गरेमा दण्ड गरिने कानुन नै रहेको उल्लेख भएको छ (धनबज्र बज्राचार्य, लिच्छविकालका अभिलेख, २०३० पृ ६) ।

समाजमा सती प्रथा कायम थियो । तर, मानदेवकी आमा राज्यवती सती नगएको अभिलेख पाइन्छ । यसै घटनालाई आधार मानेर त्यसबेला सती प्रथा अनिवार्य थिएन भन्ने भनाइ पनि आएको छ । पछि मध्यकाल र शाहकालमा समेत धेरै रानीहरू सती नगएका उदाहरण पनि पाइन्छन् । अत: यिनै सूचनाका आधारमा लिच्छविकालमा सती प्रथा अनिवार्य थिएन भनेर निष्कर्ष निकाल्न सकिँदैन । कतिपयलाई सती जान बाध्य गराइएका उदाहरण पनि पाइन्छन् । यसकारण सती जाने र पठाउने विषयमा तत्कालीन राजनीतिले भूमिका निर्वाह गरेको हुन्थ्यो ।

लिच्छविकालमा दास प्रथा कायम थियो । नरेन्द्रदेवको अनन्तलिंगेश्वरको अभिलेखमा देवदास तथा देवदासीको उल्लेख गरिएको छ (ऐ ऐ पृ ४) ।

लिच्छविकालका अभिलेखमा महिलाले अर्को जन्ममा पुरुष भएर जन्मन पाऊँ भन्ने आशय व्यक्त गरेको पाइन्छ । यसबाट तत्कालीन समाजमा नारीको अवस्था र स्थान सहजै अनुमान गर्न सकिन्छ (ऐ ऐ पृ ६) ।

लिच्छविकालमा जातीय व्यवस्था कायम थियो । समाजमा उचनिच जातको भावना थियो । जातअनुसारै समाजमा व्यक्तिको पृथक् पृथक् पहिचान कायम हुन्थ्यो ।

लिच्छविकालमा भूमिकरका अतिरिक्त लसुन, पिँडालु, दाउरा, तेल, माछा आदिमा पनि किसानलाई कर लगाइएको थियो । यी परिदृश्य हेर्दा तत्कालीन राज्यव्यवस्थामा करको बोझ अत्याधिक थियो कि भन्ने अनुमान गर्न सकिन्छ ।

लिच्छविकालमा राजपरिवारबाहेक अरूले सालिक बनाउँदा राजाको स्वीकृति लिनुपर्दथ्यो । राजा मानदेवको पालामा निरपेक्ष भन्ने व्यक्तिले आफ्ना बाबुआमाको सालिक बनाउँदा राजाको निगाहबाट सम्भव भएको उल्लेख गरिएको छ (ऐ ऐ पृ ८०) ।

लिच्छविकालका सबै अभिलेखहरू संस्कृत भाषामा कुँदिएका छन् । त्यही आधारमा लिच्छविकालमा संस्कृत भाषा नै चलनचल्तीको र सबैले बुझ्ने भाषा थियो भन्न कदापि मिल्दैन । राजा महाराजा, भारदार तथा सामन्तहरूले राखेका अभिलेख तत्कालीन संस्कृतका विद्वान्हरूबाट लेखाइएको हुन्थ्यो । भाषा प्रयोगकै आधारमा अभिलेख राख्ने व्यक्ति संस्कृत भाषाका विज्ञ थिए भन्न कतिको मिल्छ ? यो पक्ष विचारणीय छ । हनुमानढोकामा मल्लकालीन नरेश प्रताप मल्लले राखेको एक अभिलेखमा १५ थरी भाषा प्रयोग भएका छन् । यसको अर्थ प्रताप मल्ल १५ भाषाका ज्ञाता थिए भन्ने होइन । यसरी किटान गर्न किमार्थ मिल्दैन ।

लेभी जस्ता केही विद्वानले त भृकुटी, उदयदेवको भोटमा पलायन र नरेन्द्रदेवले भोटकै सहायताबाट राजगद्धी प्राप्त गरेको घटनालाई लिएर नेपालउपर भोटको प्रभुत्व रहेको उल्लेख गरेका छन् ।

उल्लिखित केही उदाहरण अधययन गर्दा पनि लिच्छविकालको सबै पक्ष उत्कृष्ट रहेको थियो भन्न मिल्दैन । हुन त आजको परिस्थितिबाट हिजोलाई हेर्न मिल्दैन । लिच्छविकालको समय मूल्यांकन गर्दा सोही समयमा पुगेर लेखाजोखा गर्नुपर्दछ । लिच्छविकालकै विषयमा विशेष अध्ययन गरी कलम चलाउने बाबुराम आचार्य, हितनारायण झा, गोविन्द मानन्धर, ज्ञानमणि नेपाल तथा दिनेशराज पन्त जस्ता इतिहासकारले भने लिच्छविकाललाई स्वर्णयुग ठानेका छैनन् ।

त्यसैगरी लिच्छविकालको इतिहास अध्ययन गर्नका लागि सर्वाधिक महत्त्वपूर्ण मानिने ग्रन्थ लिच्छविकालका अभिलेख, २०३० का लेखक धनवज्र बज्राचार्यले जनहितलाई बढी स्थान दिने शासनव्यवस्था, संगठित जनजीवन, राम्रो आर्थिक अवस्था, उठेको विद्याको तह, कलाको विकास आदिले गर्दा लिच्छविकाल निकै गौरवमय रहेको छ (ऐ, वक्तव्य, पृ झ) भनी उल्लेख गरेका छन्, स्वर्णयुग नै भनेका छैनन् ।

लिच्छविकालदेखि नै नेपालको इतिहास अध्ययन गर्ने स्रोतहरू उपलब्ध छन् । त्यस समयमा राजनीतिक संरचना र प्रशासनका विविध पक्षमा महत्त्वपूर्ण कार्य पनि भएका थिए । नेपालको परराष्ट्र सम्बन्धको संस्थागत थालनी पनि लिच्छविकालबाटै भएको थियो । यी उत्साहजनक विषय हुन् । तर, यति हुँदाहुँदै पनि लिच्छविकाल नेपालको इतिहासको स्वर्णयुग भने थिएन । कहिल्यै कतैतिरको इतिहासमा स्वर्णयुगको चर्चा छैन । अत: नेपालको इतिहासमा पनि कुनै समय विशेषलाई स्वर्णयुग भनी किटान गर्नु तर्कसंगत पनि हुँदैन । यस्ता विषयमा राजनेता तथा इतिहासका विद्वान्हरूले बोल्दा हेक्का राख्नुपर्ने देखिन्छ । सबैलाई चेतना भया !

मुगु बस दुर्घटनाका मृतकका परिवारलाई प्रदेश सरकारले राहत दिने

विजय रावत/हिटा
जुम्ला, ६ कात्तिक

गत असोज २६ गते मुगुमा भएको बस दुर्घटनामा परी मृत्यु भएका व्यक्तिका घरपरिवारलाई कर्णाली प्रदेश सरकारले एक लाख राहत उपलब्ध गराउने भएको छ । मुख्यमन्त्री महेन्द्रबहादुर शाहीको अध्यक्षतामा शुक्रबार बसेको प्रदेश विपद् व्यवस्थापन परिषद्को बैठकले दुर्घटनाका पीडित परिवारलाई राहत दिने निर्णय गरेको हो ।

परिषद् बैठकले मुगुसहित प्रदेशका अन्य जिल्लामा भएका सवारी दुर्घटनामा परी मृत्यु भएका परिवारलाई पनि एक लाख राहत दिने निर्णय गरेको छ । मुगु बस दुर्घटनामा परी ३३ जनाको मृत्यु भएको थियो । बैठकले कोभिड-१९ का कारण मृत्यु भएका मृतकका परिवारलाई राहत वितरणसम्बन्धी कार्यविधिबमोजिम भुक्तानी गर्न निर्देशन पनि दिएको छ ।

पछिल्लो समय २८६ लाई दुई करोड ८६ लाख भुक्तानी भइसकेको तथा वितरण गर्न बाँकीको हकमा जिल्ला प्रशासन कार्यालयबाट कागजात यकिन गरी हकवालाको बैंक खातामा रकम पठाउन आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई निर्देशन दिएको मुख्यमन्त्री कार्यालयको सचिवालयद्वारा जारी प्रेस नोटमा उल्लेख छ ।

चौतारा साँगाचोकगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०७८/०७/०७)

चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालय, चौतारा, सिन्धुपाल्चोकवाट मिति २०७८/०५/१६ गतेको सौर्य राट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्रहरु आव्हान सम्बन्धी सूचना अनुसार रित पुर्बक म्याद भित्र **www.bolpatra.gov.np/egp** मा दर्ता हुन आएका बोलपत्रदाताहरुको बोलपत्रको मुल्यांकन गर्दा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएका निम्न बमोजिमका बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत गरिने भएकाले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

सि. नं.	ठेक्का नं.	निर्माण कार्यको प्रकृति	सारभूत रुपमा प्रभावग्राही भएका बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक रु. (भ्याट, PS Item र कन्टिजेन्सी बाहेक)
१	CSGM/NCB/ WORKS-03/078-79	Upgrading Works In Syaule-Harlang Barlang Road Sector, CSGM-01	श्री Gauri Ganesh-R.B-Abij JV, CSGM-05	१४,४२७,०९०।७३
२	CSGM/NCB/ WORKS-04/078-79	Bituminous Pavement Works In Sangachok-Chhap Road Sector, CSGM-12	श्री Gauri Ganesh-R.B-Abij JV, CSGM-05	१४,५३९,१५७।०१
३	CSGM/NCB/ WORKS-05/078-79	Upgrading Works In Jalkeni Kotdada(Kundala) Road Sector, CSGM-13	श्री Gauri Ganesh-R.B-Abij JV, CSGM-05	९,३३६,४२६।१३
४	CSGM/NCB/ WORKS-06/078-79	Rigid Pavement Works In Patlepani Gate To Gaurati Temple Road Sector, CSGM-06	श्री Bhadaure Ganesh Nirman Sewa, Sinamangal-9	२,१०४,२९८।५४

प्रमुख प्रशासकीय अधिकृत

CHAUTARA SANGCHOKGADHI MUNICIPALITY
Office Of The Municipal Executive
Chautara, Sindhupalchok

INVITATION FOR ELECTRONIC BIDS

Invitation for Bids for the Construction of Chautara Sangachokgadhi Municipality Ward Office Building - 5 (Vertical Extension), Chautara

Contract Identification No: CSGM/NCB/WORKS-09/078-79

First Date of publication: 2078/07/07 (24th Oct, 2021)

1. The ChautaraSangachokgadhi Municipality Office, Chautara, Sindhupalchok invites electronic bids from the Eligible Bidders for construction of the following works under NCB Procedures.

Contract Identification No	Description	Estimated Amount (Without VAT) Amount	Bid Security Document	Price of Bid Last Date, Time	Bid Submission Date, Time	Bid Opening
CSGM/NCB/ WORKS-09/ 078-79	Construction of Chautara Sangachokgadhi Municipality Ward Office Building - 5 (Vertical Extension),Chautara	17,629,337.74	498,000.00	Rs.3,000	2078/08/07 (23rd Nov, 2021) at 12:00 hrs	2078/08/07 (23rd Nov, 2021) at 13:00 hrs

2. Interested Eligible Bidders may obtain further information at the office of Chautara Sangachokgadhi Municipality, Office of the Municipal Executive, Chuatara, Sindhupalchok, Contact no 011-620477 or may visit the website ***http://www.chautaramun.gov.np.or*** may visit PPMO ***website www.bolpatra.gov.np/egp.***
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's ***Web Site www.bolpatra.gov.np/egp.*** Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the office account no. as specified below and the scanned copy (.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Nepal Bank Limited, Chautara Branch
   Name of Office: ChautaraSangachokgadhi Municipality
   Account Number (Aantarik Rajashwo Khata for bid document fee): 05703000001001000001
   Dharauti Khata No. 05703000003000000001
   Office Code No: 801032701
4. Electronic bids must be submitted through PPMO website ***www.bolpatra.gov.np/egp.*** on or before as mentioned above.
5. Pre-bid meeting shall be held at Chautara Sangachokgadhi Municipality, office of the Municipal Executive, Chautara, Sindhupalchok at 2078/07/28 on 13:00 hrs.
6. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum of **NRs. 498,000.00** which shall be valid for 30 days beyond the validity period of the bid.
7. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at above mentioned date and time at the office of Chautara Sangachokgadhi Municipality.
8. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Bidders are advised to visit the site and assess the actual site conditions prior to submit the bid in their own cost.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
11. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendments) of GON.
12. If there are any changes or correction in notice or on Bid document, the notice will be published in Chautara Sangachokgadhi Municipality notice board, Municipality Official Website and in bid addendum.

Chief Administrative Officer
Chautara Sangachokgadhi Municipality